# यशोधरा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### बैदौली, कपिलबस्तु

यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैदौली, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

**शिक्षा सचेतिकरणका लागीं वृत्तचित्रको निर्माण (Video Documentary) कार्यक्रम कार्यान्वयन कार्यशर्त तथा प्रस्तावपत्र २०८१/८२**

**१. परिचय**

यशोधरा गाँउपालिका गाउँ कार्यपालिकाको कार्यालय आ.व.२०८१/८२ को स्वीकृत वार्षिक कार्यकममा बिभिन्न किसिमका कार्यक्रमहरु समाबेश गरी बिभिन्न कार्यक्रमहरु सन्चालनको लागि बजेट व्यवस्था रहेको छ। गुरुकुल आश्रमबाट सुरु भएको हाम्रो शिक्षा प्रणाली, दूर शिक्षा हुँदै अहिलेसम्म आइपुग्दा विद्युतीय सिंकाइ र मोबाइल सिकाइसम्म आइपुगेको छ। खरिपाटीको प्रयोगदेखि ईपाटीको प्रयोगसम्म आइपुग्दा नेपालमा शिक्षण सिकाइको क्षेत्रमा उल्लेखनीय परिवर्तन भएको छ।

वृत्तचित्रको एउटा प्राथमिक उद्देश्य भनेको शिक्षित गर्नु र जानकारी दिनु हो। वृत्तचित्रहरूले ती विषयहरूमा प्रकाश पार्छन जुन अन्यथा छायाँमा पर्न सक्छन्। तिनीहरूले ऐतिहासिक घटनाहरूदेखि लिएर गम्भीर सामाजिक मुद्दाहरू, तथ्यात्मक जानकारी र विशेषज्ञ अन्तर्दृष्टिहरू प्रस्तुत गर्ने विषयहरूको विस्तृत श्रृंखलालाई समेट्छन। रेडियो, टेलिभिजन र अनलाइन माध्यमबाट दिने दूरशिक्षाको अवधारणाले धेरै नेपाली लाभान्वित पनि भएका छन। टेलिभिजंन र रेडियोमार्फत प्रदान गरिने दूर शिक्षालाई प्रत्येक विद्यार्थीको मोबाइलमा पहुँच पुग्ने गरी अझ प्रभावकारी ढङ्गले नेपालका प्रत्येक गाउँ बस्तीसम्म पुऱ्याउन आवश्यक छ। डिजिटल प्रविधि शिक्षक, विद्यार्थी र शिक्षण सिकाइ प्रक्रियाको व्यवस्थापन र विषयवस्तुको भण्डारणका लागि बढी प्रयोग गरिन्छ। विद्याथीको शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउनका साथै नयाँ नयाँ ज्ञान, सीपको खोजी गर्न उनीहरूको नवप्रवर्द्धनको बारेमा सोच्न प्रोत्साहित गर्न र उनीहरूको अध्ययनप्रतिको रुचिमा वृद्धि गर्न र शिक्षणको उद्देश्यका बारेमा जागरुकता ल्याउन शिक्षण सिकाइमा प्रविधिको प्रयोग अपरिहार्य छ। भिडियो कागजातले विशिष्ट सामाग्री खिच्ने, संरक्षण गर्ने र साझेदारी गर्ने उद्देश्यले भिडियो रेकर्डहरू वा रेकर्डिङहरूको सिर्जनालाई समेट्छ। यसले विभिन्न अनुप्रयोगहरू फैलाउँछ, जसमा समावेश : व्यक्तिगत सम्झनाहरू, व्यक्तिगत क्षणहरू, घटनाहरू, र कोसेढुङ्गाहरू खिच्ने र अभिलेख गर्ने लगायत पर्दछन्।

अहिले शिक्षण सिकाइमा कम्प्युटर, मोबाइल ठूलो मात्रमा प्रयोग भए पनि पावरप्वाइन्ट प्रस्तुति, एनिमेसन, अडियो, भिडियो, मल्टिमिडिया र सामाजिक सञ्जाल (युटुब, भाइबर, स्काइप, आदि) साथै जुम, गुगलमिटको प्रयोग उल्लेखनीय छ। सूचना प्रविधिले शैक्षिक समस्याको समाधान मात्र गर्ने होइन यसले मानिसले हरेक दिन समाधान गर्नुपर्ने समस्यालाई बिना झन्झट अत्यन्त सजिलो तरिकाले छिटो छरितो गरी समाधान गर्न मद्दत गर्छ भन्ने कुरा प्रमाणित भएको छ। यसले शिक्षक विद्याथीलाई अझ नजिकबाट चिन्न मद्दत गर्नुका साथै सिकाइका लागि अत्यन्त रमाइलो वातावरणको सिर्जना गर्छ। यसले विचारको अलावा नयाँ विषयवस्तु सिक्नका लागि आन्तरिक प्रेरणाको विकास गर्न र सिकाइका धेरै अवसर प्रदान गर्न डिजिटल प्रविधिले मद्दत गर्छ।

माध्यमिक तह, उच्च शिक्षा र प्राविधिक धारतर्फका शिक्षालय र प्रशिक्षालयहरू डिजिटल प्रविधि प्रयोगको हिसाबले कमजोर छन। शिक्षक, प्रशिक्षक र कर्मचारीलाई नयाँ नयाँ प्रविधिसम्बन्धी ज्ञान सीप प्रदान गर्नुका

प्रमुख प्रशासकीय अधिकृत

साथै विषयगत सेवा को आवश्यकता छ । प्रविधिमैत्री कक्षा कोठा, प्रयोगशाला, अनुसन्धान कक्ष, सेमिनार कक्ष, कन्फरेन्स हल, फिल्डमा प्रयोग गरिने उपकरण शिक्षण सिकाइ सुधारका लागि अति आवश्यक विषय हुन् । यी सबै प्रविधियुक्त हुनुपर्छ । प्रविधिक भौतिक पूर्वाधार विकास र प्रविधिमैत्री शिक्षण सिकाइ वातावरण र प्रविधिमैत्री कार्य वातावरण निर्माण गर्न सकेमा शिक्षामा सुधार सम्भव छ ।

शिक्षालयले शिक्षकलाई डिजिटल प्रविधि उपलब्ध गराउनु पर्छ । कम्प्युटर वा ल्यापटप प्रयोग गरेर शिक्षकले शिक्षण सामग्री जस्तैः नोट, कक्षा अभ्यास, समूह कार्य तयार गर्न सक्छन । उनीहरूले सम्बन्धित पाठसँग मिल्ने अडियो, भिडियो सामग्री पनि विद्याथीलाई पस्कन सक्छन । प्रशिक्षकले फोन, भिडियो कल, इमेल, म्यासेजमार्फत विद्याथीलाई शिक्षण सिकाइसम्बन्धी सूचना तथा शैक्षिक सामग्री प्रदान गर्न सक्छन । प्रशिक्षार्थीले पनि उनीहरूलाई दिइएको गृहकार्य, खोज कार्य, प्रोजेक्ट कार्य, फिल्ड कार्य, फिल्ड रिपोर्ट, थेसिस, ल्याव रिपोर्ट प्रशिक्षकलाई अनलाइनबाटै बुझाउन सक्छन । स्वदेशमै बसेर पनि विदेशी विश्वविद्यालयका प्रोफेसर र खोजकर्तासँग सहकार्य र अनुभव आदानप्रदान गर्न सक्छन । उनीहरूको थेसिस, अध्ययन प्रतिवेदनको विश्लेषण गरेर आफ्ना अध्ययन र अनुसन्धान कार्यलाई संश्लेषण गर्न सके शिक्षामा सुधार सम्भव छ ।

कलेज प्रशासन वा कक्षा शिक्षकले विद्याथीलाई प्रत्येक कक्षाका विद्याथीका सामाजिक सञ्जालमा एउटा समूह बनाइदिने र उक्त समूहमा विद्यालय वा कलेजका सूचना, शिक्षण सामग्री, विद्याथीका लागि खोज कार्य, शिक्षण सामग्री भएका वेभसाइटको लिङ्क विद्याथीलाई दिन सकिन्छ । सर्च इन्जिनको प्रयोग गरेर शिक्षण सिकाइका सामग्री प्राप्त गर्न सकिने र विद्यार्थीका लागि अतिरिक्त पठन सामग्री संग्रह गर्न सकिन्छ । युट्युब प्रयोग गरेर विद्यार्थीलाई सम्बन्धित पाठसँग मिल्ने भिडियो, डकुमेन्ट्री देखाउन र प्रयोगात्मक अभ्यास गराउन सकिन्छ । उक्त भिडियो विद्यार्थीले आफूले नसिके र नजानेसम्म दोहोराइ, तेहराइ हेर्न सक्छन । यसका लागि विद्यार्थीले छुट्टै शुल्क तिर्नु पर्दैन । उक्त कार्य शिक्षक विद्यार्थी दुवैले घरमै बसीबसी गर्न सक्छन । तर यी कार्यका लागि इन्टरनेट सेवा अनिवार्य छ । सूचना प्रविधिको प्रयोग गरेर शिक्षण सिकाइ विद्युतीय माध्यमबाट प्रश्नपत्र तयार गर्ने, मोडलिङ गर्ने, कक्षा परीक्षा, पाठ परीक्षा, त्रैमासिक परीक्षा वार्षिक परीक्षा सञ्चालन, नतिजा प्रशोधन र नतिजा प्रकाशन गर्न सकेमा शिक्षामा सुधार सम्भव छ ।

विद्यालय, कलेज, विश्वविद्यालय परिसरमा सिसीटीभी, विद्युतीय हाजिरी, सबै शाखा जस्तैः प्रशासन, लेखा, लाइब्रेरी, ल्याब, कक्षा कोठा, छात्रावास, परीक्षा, अनुसन्धान कक्ष, यातायात, खेलमैदान, चमेना गृहलाई एमआइएसमा एकीकृत गरी अनलाइनबाट दैनिक कार्य सञ्चालन गर्न सकेमा सेवा सरल, सहज र मितव्ययी हुन्छ । एउटै कार्यकक्षबाट सबै महाशाखा, शाखामा काम गर्ने कर्मचारी, शिक्षक र विद्यार्थीको गतिविधि निगरानी गर्न सहज हुनुको साथै आवश्यक राय, सुझाव, सल्लाह दिन र काममा खटाउन सहज हुन्छ । सूचना प्रविधिको प्रयोग गरेर अभिभावक, विद्यार्थी, शिक्षालय, सरोकारवाला र अनुगमनकारी निकायबीच समय समयमा भेटघाट, छलफल, अनुगमन, मुल्याङ्कन र आवश्यक रचनात्मक सुझावसहितको निर्देशन हुन सके शिक्षामा सुधार सम्भव छ ।

सरकारले सार्वजनिक स्थानमा निःशुल्क वाइफाई सेवा वितरण गरिदिनु पर्छ । यसको अनुगमन, संरक्षण र संवर्द्धन स्थानीय तहले गर्नुपर्छ । शिक्षक, विद्याथीलाई मोबाइल, कम्प्युटरमा निःशुल्क डाटा सञ्चालनको व्यवस्था गरिदिनु पर्छ । यसबाट दुर्गम गाउँमा बस्ने शिक्षक, विद्याथी, प्रशिक्षक अभिभावकले केही मात्रमा भए पनि शिक्षाको लाभ लिन सक्छन । अनलाइनबाट शिक्षण शुल्क र अन्य शुल्क तिर्न सकिने हुँदा समय र पैसा दुवै बचत हुन्छ । विद्यार्थीको अनलाइनबाट परीक्षा लिने व्यवस्था सरकारले गर्न सके उनीहरूले घरमै बसेर डिग्री लिन सक्नेछन । दिनभर ज्याला, मजदुरी गरेर भए पनि साँझ बिहान पढेर आफ्नो ज्ञान, सीप र शैक्षिक योग्यता बढाउन सक्छन । विदेशी विश्वविद्यालयले यो व्यवस्था पहिलेदेखि नै गरेका छन भने नेपाल खुला विश्वविद्यालयले मात्र नेपालमा अनलाइन अध्ययन सुरू गरेको छ । डिजिटल प्रविधिको सहयोगमा प्रदान गरिने

प्रमुख प्रशासकीय अधिकृत

शिक्षाको शिक्षण सिकाइको क्षमता राम्रो भएको कुरा स्वीकार गरेका छन । तापनि आम जनतामा डिजिटल प्रविधिको सहज र सुलभ पहुँचका विषयमा भने प्रश्न उठेको छ । सरकारले शिक्षक, विद्यार्थी र शैक्षिक संस्थालाई डिजिटल प्रविधि उपलब्ध गराई सबै पाठ्यक्रमलाई डिजिटाइज गर्दै भौतिक र प्राविधिक पूर्वाधार निर्माणका साथै प्रविधि मैत्री शिक्षण सिकाइ र प्रविधिमैत्री कार्य वातावरण निर्माण गर्न सकेमा शिक्षामा आमूल सुधार सम्भव छ ।

आ.व. २०८१/८२ मा गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुसार निम्नअनुसार कार्यक्रमहरु रहेका छन् ।

| क.सं. | कार्यक्रमको नाम | बिषय क्षेत्र | बजेट |
|---|---|---|---|
| १. | शिक्षा सचेतिकरणका लागी वृत्तचित्रको निर्माण **(Video Documentary)** | क्षमता बिकास | ५,००,०००।-(पाच लाख) |

**२. आवश्यकता र औचित्य**

प्रस्तुत कार्यक्रमले यशोधरा गाउँपालिका अर्न्तगतका बिभिन्न समुदायमा **रहेको बिद्यालयमा अध्ययनरत बिद्यार्थीहरुका लागी शैक्षिक गुणस्तरमा बृद्धि बिकास शिक्षामा पहुच प्रदान गरी यस क्षेत्रको शैक्षिक बिकासका माध्यमबाट प्रत्यक्ष लाभान्वित हुने अपेक्षा राखिएको छ ।**

**३. कार्यक्रमको लक्ष्य तथा उद्देश्य**

**क. लक्ष्य**

कार्यक्रमको माध्यमबाट यस यशोधरा गाउँपालिका क्षेत्रमा रहेका बिद्यालयमा अध्ययनरत बिद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, विद्यालय अभिभावक संघ, राजनैतिक तथा सामाजिक अगुवाहरूको सामुहिक प्रयास तथा प्रतिबद्धता अभिवृद्धिका लागि गरिनुपर्ने कार्यमा आधारित विषयवस्तुहरूमा केन्द्रित रहेर वृत्तचित्रको निर्माण गर्ने ।

**ख. उदेश्य**

यस गाउँपालिकाबाट यस गाउँपालिका क्षेत्रमा रहेका बिभिन्न बिद्यालयहरुमा बिभिन्न कार्यक्रमहरु सन्चालन गर्नुको निम्न उदेश्यहरु रहेका छन् ।

- बृत्तचित्र मार्फत विद्यार्थीहरूको शैक्षिक गुणस्तरमा अभिबृद्धिका लागि गरिनुपर्ने क्रियाकलापमा आधारित रहेर वृत्तचित्र तयार गरि विद्यार्थी, शिक्षक, अभिभावक, राजनैतिक तथा सामाजिक अगुवाहरूको सचेतना अभिवृद्धि गर्ने ।
- सचेतनाका लागी बृत्तचित्र जागरूकता अभियान संचालन गरिने ।
- बिद्यार्थी अनुकुल प्रशिक्षण बिधि तर्फ अभिप्रेरित गरिने ।
- बिद्यार्थीहरुको मनोवल बृद्धि गराई शिक्षण पद्धतिलाई समयसापेक्ष परिमार्जन गर्दै जाने ।
- बिद्यार्थीहरुको बिज्ञतामा अभिबृद्धि गर्ने ।

**४. अपेक्षित उपलब्धी**

कार्यक्रम समाबेस भए पश्चात निम्न उपलब्धिहरु हाँसिल हुनेछन् ।

- लक्षित वर्ग बृत्तचित्र मार्फत शिक्षाको गुणस्तर अभिवृद्धिकालागि आफ्नो आफ्नो तर्फबाट पुऱ्याउनु पर्ने योगदानका बारेमा जानकार हुनेछन ।
- बृत्तचित्र शिक्षाले शैक्षिक गतिबिधी समयसापेक्ष बनाउनेछ ।
- बिषयगत बिज्ञतामा पृष्ठपोषण हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

➢ उत्पादकत्व र कार्यकुशलता बढ्ने र फलस्वरुप विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउन सहयोग पुग्नेछ ।

## ५. कार्यक्रमको विषय तथा क्षेत्र

आर्थिक वर्ष २०८१।८२ को निम्न विषयका सेवा को अवधि कार्यान्वयन हुने स्थान र सेवा समूह तथा सहभागिको संख्यां हुने ।

| सेवा को विषय | अवधि | कार्यन्वय हुने स्थान र विवरण | कैफियत |
|---|---|---|---|
| | | स्थान | |
| शिक्षा सचेतिकरणका लागी वृत्तचित्रको निर्माण (Video Documentary) | १५ दिन | यशोधरा गाउँपालिकाका बिद्यालयहरू मध्ये पालिकाले तोकेका तीनवटा विद्यालयमा प्रयोग भइरहेको शिक्षण विधि, विद्यालय अभिभावकको अन्तर्सम्बन्ध, विद्यार्थी शिक्षक अनुपात, शिक्षक उपलब्धता आदिमा आधारित रहेर सचेतना अभिवृद्धि सम्बन्धी वृत्तचित्र निर्माण गर्ने । | |

## ६. लागत अनुमान

गाउँपालिकाले संन्चालन गर्ने कार्यक्रमको नर्मस तथा लागत अनुमान गाउँपालिकाले स्वीकृत गरे अनुसार हुनेछ ।

## ७.सूचना प्रकाशन तथा प्रस्ताव आव्हान तथा परामर्शदाताको योग्यता

पालिकाले यस कार्यक्रम सञ्चालन गर्न कम्तिमा तीन वटा प्रस्तावना माग गरि प्रक्रिया अघि बढाउने ।

**कार्यक्रम संन्चालन गर्ने सेवा प्रदायक (परामर्शदाता) हरुको योग्यता**

क. कार्यक्रम संन्चालन गर्ने सेवा प्रदायक (परामर्शदाता) हरुको योग्यता निम्नअनुसार हुनेछ ।

१. प्रचलित कानून अनुसार दर्ता भएको र आ.व.२०८१/२०८२ सम्मको लागी नवीकरण तथा अध्यावधिक गरेको पत्र ।
२. प्रा.लि. वा कम्पनी भए मूल्य अभिवृद्धि कर (VAT) तथा संस्था भए PAN अनिवार्य दर्ता भएको ।
३. आ.व.२०८०/२०८१ सम्मको करचुक्ता प्रमाण पत्र भएको ।
४. प्रचलित कानून अनुसार कसुर नगरेको र कुनै पनि निकायमा कालो सूचिमा नपरेको ।
५. सेवा प्रदायक संस्थाले प्राबिधिक तथा आर्थिक प्रस्तावना अलग अलग खाममा सिलबन्दी गरि पेश गर्नुपर्नेछ।
६. प्रस्ताव पेश गर्ने सेवा प्रदायक संस्थामा यस क्षेत्रमा कम्तिमा ५ वर्षको अनुभव प्राप्त गरेको अनुभवी व्यक्तिहरूको संलग्नता हुनु पर्ने छ ।
७. कार्य अनुभवको लागी कार्य सम्पन्न पत्र पेश भएको हुनुपर्नेछ ।
८. ईच्छुक सेवा प्रदायक संस्थाले गाउँपालिकाले उपलब्ध गराएको ढाँचामा प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्नुपर्नेछ ।

**ख. सेवा प्रदायकले कार्यक्रम संचालनका लागि तपसिल् अनुसारको व्यवस्था गर्नुपर्नेछ ।**

१. एच. डि. क्यामराको व्यवस्था गर्नु पर्ने ।
२. वृत्तचित्र निर्माण गर्ने संस्थाले सकभर यस वृत्तचित्र निर्माणकालागि पाठ्यक्रम पाठ्यपुस्तक लेखन, शिक्षण तालिम आदिका क्षेत्रमा तालिम प्राप्त तथा बृत्तचित्र निर्माणका क्षेत्रमा अनुभव प्राप्त गरेका दक्ष जनशक्ति प्रयोग गर्नु पर्नेछ ।
३. वृत्तचित्र ४५ मिनेट(अनुमानित)को अवधी भाषामा हुनेछ तथा सम्पुर्णलाई नेपाली भाषामा सब टाइटलिंग गर्नु पर्नेछ ।
४. यो वृत्तचित्र एच. डी. फार्मेट तथा mp4 प्रविधिमा निर्माण गर्नु पर्नेछ ।
**५. वृत्तचित्रको मास्टर कापि पेन ड्राइभमा उपलब्ध गराउनु पर्नेछ ।**

प्रमुख प्रशासकीय अधिकृत

ग. उक्त कार्यक्रमहरु संचालनको क्रममा सेवा प्रदायक संस्थाले मुख्य रुपमा देहाय बमोजिमका कार्यहरु गर्नुपर्नेछ ।

१. कार्यक्रम संचालन गर्नु पूर्व गाउँपालिकासँग समन्वय गरी कार्यक्रम कार्यान्वयन योजनालाई अन्तिम रुप दिनुपर्नेछ ।

२. प्रभावकारी रुपले कार्यक्रम संचालन गर्न आवश्यक कक्ष तथा स्थल, आवश्यक यन्त्र उपकरण, औजार, कच्चा पर्दाथ र सेवा सामग्रीहरु समयमा नै प्रयाप्त व्यवस्था गर्नुपर्ने ।

३. कार्यक्रम संचालनका सिलसिलामा आवश्यक अन्य व्यवस्था मिलाउने सम्पूर्ण जिम्मेवारी कार्यक्रम संचालन गर्ने सेवा प्रदायकको नै हुनेछ ।

**घ. सेवा प्रदायक संस्थाका मुख्य जनशक्तिको पद नाम तथा योग्यता ।**

**क. कार्यक्रम व्यवस्थापक**

१. शैक्षिक योग्यताको हकमा कम्तिमा मान्यता प्राप्त संस्थाबाट स्नातक तह उत्तिर्ण गरेको हुनुपर्नेछ ।

२. कार्यक्रम व्यवस्थापक भई हाल कार्यरत रहेको हुनुपर्नेछ ।

**कार्यक्रम व्यवस्थापकले गर्नुपर्ने कामहरू**

१. सम्झौता बमोजिमको कार्यक्रम प्रभावकारी संचालन गर्न नियमित अनुगमन गर्ने,

२. कार्यक्रम गर्न तोकिएका निकायसँग मूख्य समन्वयकर्ता भई कार्य गर्ने,

३. कार्यक्रम व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी लिई गुणस्तर कायम गर्न सहयोग गर्ने ।

**ख. क्यामरामेन**

**निर्माताले गर्नुपर्ने कामहरु**

१. निर्धारित बिद्यालयहरूमा भिडियो खिच्नुपर्ने ।

२. योजना अनुसार सेवाको पूर्व तयारी गर्ने,

३. आवश्यक पृष्ठपोषण लिई गुणस्तरीय सेवाको लागि आवश्यक सुधार ल्याउने,

४. सेवा दिँदा आईपर्ने समस्याहरु बारे समयमै सम्बन्धित व्यवस्थापकलाई अविलम्ब जानकारी दिई समस्या सामाधान गर्ने ।

**निर्माताको योग्यता**

१. मुख्य निर्माताले भिडियो निर्माण क्षेत्रमा घंटीमा पाच वर्षको अनुभव प्राप्त गरेको हुनु पर्ने छ ।

**८. सेवा प्रदायक संस्थाले काम शुरु गर्ने र सम्पादन गरिसक्नुपर्ने समय**

गाउँपालिकासँग सम्झौता भए पछि काम शुरु गर्नुपर्नेछ । साथै सम्पूर्ण सेवा कार्यक्रम ढिलोमा २०८२ वैशाख ३० गते भित्रमा सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्नेछ । यदि म्याद थप गर्नु पर्ने भए मनासिव कारण सहित म्याद थपको निवेदन पेश गरेमा गाउँपालिकाले २०८२ आषाढ १० सम्म समयावधि थप गर्न सक्नेछ ।

**९. सेवा प्रदायक संस्था छनौट**

**क. प्राविधिक तथा आर्थिक प्रस्ताब माग गर्ने**

क. सेवा प्रदायक संस्था वा परामर्शदाताले गाउँपालिकाबाट प्राविधिक तथा आर्थिक प्रस्तावको सूचना प्रकाशन भए अनुसार प्रस्ताव पेश गर्ने सूचना प्राप्त गरे पश्चात प्राविधिक तथा आर्थिक प्रस्ताव प्राप्त गर्ने, प्राप्त प्रस्ताव तयार गरी पेश गर्ने, प्रस्ताव स्वीकृत भएमा गाउँपालिका र सेवा प्रदायक बिच सम्पन्न सम्झौताका शर्तहरु बमोजिम सेवा कार्यक्रम संचालनको क्रममा आईपर्ने समस्याहरु, अन्य आवश्यक विषय र परिस्थितिमा सूचना आदान प्रदान गर्नु परेमा गाउँपालिकामा सर्म्पक गर्नु पर्नेछ । साथै आर्थिक कारोबार तथा करको सम्बन्धमा गाउँपालिकाको आर्थिक प्रशासन शाखामा सर्म्पक गर्नुपर्नेछ ।

**ख. प्रस्ताव पेश गर्ने**

प्रस्तावदाताले आर्थिक र प्राविधिक सहितको प्राविधिक प्रस्ताव गाउँपालिकामा प्रस्ताव पेश गर्ने जानकारी बमोजिमको मिति र समय सम्ममा कार्यालय समय भित्र प्राविधिक प्रस्तावमा तोकिएका कार्यहरु सम्पन्न गर्न

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावित कार्यविधि (Methodology), कार्ययोजना (Work-plan), जनशक्तिको वैयक्तिक विवरण (CV) तथा प्रस्तावमा उल्लेखित शैक्षिक योग्यता तथा अनुभवलाई प्रमाणित गर्ने कागजात लगायतका अतिरिक्त कागजातहरू तथा निर्देशन महलमा उल्लेख भए बमोजिम समावेश गर्नुपर्नेछ ।

## १०. मूल्याङ्कनको आधार

प्राविधिक प्रस्ताव मूल्याङकन गरेपछि मात्र आर्थिक प्रस्ताव मूल्याङ्कन गरिनेछ । लागत र गुणस्तर विधिद्धारा आर्थिक·प्राविधिक प्रस्ताव मूल्याङ्कन गरिनेछ । प्रभावकारी रुपमा सेवा मा संचालनका लागि प्रस्ताव पेश गर्दा संलग्न गरेको जनशक्तिका अलावा थप जनशक्ति परामर्शदाताले प्रस्ताव गर्न सक्नेछ । प्रस्तावदाताले कार्यक्षित्रगत शर्तमा टिप्पणी गर्न पाउने छैन । प्रस्तावित कार्य गर्न आवश्यक पर्ने रकम गाउँपालिकाको चालु आ.व.२०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रममा बाँडफाड भई श्रोतबाट व्यहोरिनेछ । प्रस्ताव मूल्याङ्कनको लागि सेवा को गुणस्तरलाई समेत ध्यान दिनु पर्ने भएकोले गुणस्तर र लागत विधि अपनाई यस कामको प्रकृती अनुसार प्राविधिक प्रस्तावको मूल्याङ्कन देहाय बमोजिम आधारमा गरिन्छ ।

| क्र.सं | मूल्याङ्कनका आधारहरु | अंकभार |
|---|---|---|
| १. | प्राविधिक प्रस्तावसँग मागिएका कुराहरुको पूर्णता | १५ |
| २. | सम्बन्धित विषयमा सेवा दिएको अनुभव | २० |
| ३. | भौतिक पुर्वाधारको सुविधा उपलब्धता | १५ |
| ४. | कार्यक्रम कार्यान्वय विधि | २० |
| ५. | प्रस्तावित जनशक्तिको योग्यता, तालीम र अनुभव | २० |
| ६. | गाउँपालिकामा सुचि दर्ता परापर्शदाता | १० |
| **जम्मा** | | **१००** |

प्रस्तावको छनौंट गर्न गुणस्तर र लागत विधि अपनाईने भएकोले देहाय बमोजिम प्राविधिक र आर्थिक प्रस्तावको मूल्याङ्कन गरी सफल प्रस्तावदाताहरुको प्रस्ताव स्वीकृत गरी छनौट गरिनेछ ।

**क. प्राविधिक प्रस्तावको खुद प्राप्ताङ्क**

$$\frac{\text{प्राविधिक प्रस्तावको खुद प्राप्ताङ्क} \times ८०}{१००}$$

**ख. आर्थिक प्रस्तावको खुद प्राप्ताङ्क**

$$\frac{\text{आर्थिक प्रस्तावमध्ये सबैभन्दा घटी कबोल अङ्क} \times २०}{\text{प्रस्तावदाताको आफ्नो कबोल अङ्क}}$$

ग. माथि (क) र (ख) मा प्राप्त गरेको खुद प्राप्ताङ्क जोडी संयुक्त मूल्याङ्कन गर्दा सबै भन्दा बढी अंक पाउने प्रस्तावदाता सफल हुने हँदा निजलाई सेवा संचालनको लागि छनौट गरिनेछ ।

## ११. सेवा प्रदायक संस्थाको दायित्व

कार्यक्रम प्रदायक संस्थाले सम्झौता बमोजिम तोकिएको अवधिभित्र कार्य सम्पन्न गरिसकेपछि पनि सम्झौताको म्याद समाबेस भएको दिनबाट थप १ महिनाको दायित्व अवधि रहनेछ । उक्त अवधि भित्र परामर्शदाताले संचालन गरेको सेवाको सम्बन्धमा कुनै सिकायत प्राप्त भई कुनै समूहमा पुनः कार्यक्रम संचालन गर्नुपर्नेछ र उक्त कार्यका लागि लाग्ने खर्च सेवा प्रदायकले नै व्यहोर्नु पर्नेछ । साथै आचरण सम्बन्धमा कुनै सिकायत प्राप्त

प्रमुख प्रशासकीय अधिकृत

भएमा आचरण महलमा उल्लेख भए बमोजिम हुनेछ । सेवा संचालनको क्रममा गाउँपालिकालाई कुनै कानूनी दायित्व व्यहोर्नु पर्ने भएमा सो को जिम्मेवार सम्बन्धित सेवा प्रदायक स्वयमको हुनेछ ।

यशोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

**१२. सेवा संचालनको अनुगमन तथा सुपरीवेक्षण तथा सिफारिस**

कार्यक्रम संचालनको क्रममा सेवा को अनुगमन सुपरीवेक्षण गर्न गाउँपालिकाका पदाधिकारी र कर्मचारीहरु पनि खटाईनेछ । खटिएका कर्मचारीहरुले देहायका बुदाँहरु समेत समावेश गरी आफ्नो राय तथा प्रतिवेदन पालिका समक्ष पेश गर्नुपर्नेछ ।

क. सेवा व्यवस्थित रुपमा सम्पन्न भए नभएको ?

ख. सेवा संचालनबाट उल्लेखित उदेश्य प्राप्ति भए नभएको ?

ग. सेवा संचालनका लागि आवश्यक जनशक्ति तथा भौतिक सुविधाको व्यवस्था पर्याप्त मात्रामा गरिए नगरिएको ?

घ. तोकिएको संख्यामा उपस्थित भए नभएको र सहभागिको सक्रिय सहभागिता रहे नरहेको ?

ङ. निर्धारित ढाँचा तथा प्रकिया पुरा गरे नगरेको ?

च. निर्धारित मिति,समय,स्थान तथा समूहमा संचालन भए नभएको ?

छ. निर्धारित कार्ययोजना अनुसार कार्य सम्पन्न भए नभएको ?

ज.उपयुक्त समय र कार्यालयको निर्धारित ढाँचामा सम्बन्धित निकायमा प्रतिवेदन पेश गरे नगरेको ?

**१३. आचरण**

गाउँपालिका तथा परामर्शदाताको लागी देहाय बमोजिमको आचार संहिता लागु हुनेछ ।

क. छनौट भएको परामर्शदाताले कार्यक्षेत्रगत शर्त (TOR) तथा सम्झौतामा उल्लेख भएको शर्तको अधिनमा रही तोकिएको समयावधि भित्रै काम सम्पन्न गरी सक्नुपर्नेछ ।

ख. प्रस्ताव पेश गर्दा प्रस्तावदाताले झुटा विवरण समावेश गरी प्रस्ताव पेश गर्न पाइनेछैन । पेश हुन आएको प्रस्तावमा झुटो विवरण पेश गरेको भनी छानबिन बाट पुष्टि हुन आएको खण्डमा संम्बन्धति प्रस्तावदाताहरुको प्रस्ताव रद्द गर्न समेत सकिनेछ ।

ग. सो सम्झौताको कार्यान्वयनको अवधि तथा सो सम्झौता समाप्त भए पश्चात पनि सेवा सँग सम्बन्धित प्राप्त कुनै गोप्य राख्नुपर्ने सूचना वा अन्य कुरा पालिकासँग लिखित रुपमा अनुरोध गरी स्वीकृत प्राप्त नगरेसम्म गोप्य नै राख्नुपर्नेछ ।

घ. प्रस्तावमा उल्लेख भएं बमोजिमको समयमै प्रतिवेदन पेश भएपछि सम्झौतामा तोकिएको समयावधि भित्रै सेवा शुल्क रकम गाउँपालिकाले भुक्तानी दिनेछ ।

**१४. भुक्तानी प्रकिया**

प्रस्ताव पेश गर्ने प्रस्तावदाताहरू मध्ये सेवा उपलब्ध गराउनका लागी पेश गरेका प्रस्ताव छनौट भइसकेपछि पालिका तथा सम्बन्धित परामर्शदाता बिच सम्झौता गरिनेछ । उक्त सम्झौतामा परामर्शदातालाई भुक्तानीका सम्बन्धमा देहाय बमोजिमको सर्त्त समेत समावेश गरिनेछ ।

क.सेवा प्रदायकले प्रस्तावमा तोकिएको सेवा प्रदान गरिसकेपछि पालिकाले ताकिएको ढाँचामा “कार्य सम्पन्न प्रतिवेदन” का साथ आवश्यक बिल भरपाई तथा अन्य कागजातहरू पालिका समक्ष पेश गर्नु पर्नेछ ।

ख. सेवा प्रदायकले पालिका समक्ष लिखित निवेदनका साथै आवश्यक कागजात सहित भुक्तानी माग गरेकोमा र आवश्यक कागजात दुरुस्त भएमा सो मितिले २ हप्ता भित्र भुक्तानी दिईनेछ ।

ग. सेवा प्रदायक संस्थाका लागि गरिने भुक्तानीको तरिका

- सेवा प्रदायक संस्थालाई कार्यक्रम सञ्चालन बापत गरिने भुक्तानी एकमुष्ठमा आधारित हुने छ ।
- रकमको भुक्तानी दिदाँ एकमुष्ठ रुपमा कार्य सम्पन्न पश्चात् नियमअनुसार दिइनेछ ।
- कार्य सम्पन्न प्रतिवेदन प्राप्त नभए भुक्तानी गरिनेछैन ।

**१५. क्षतिपूर्ति तथा हर्जाना सम्बन्धि व्यवस्था**

प्रमुख प्रशासकीय अधिकृत

क. सेवा प्रदायकको ढिला सुस्ती वा अन्य कारणले प्रस्ताव तथा दुवै पक्ष बिच सम्पन्न गरिने सम्झौतामा तोकीएको शर्त बमोजीम कार्यक्रम सम्पन्न हुन नसकेमा हुन नसकेको कामका लागी लाग्ने सम्पूर्ण खर्च सम्बन्धित सेवा प्रदायकले नै व्यहोर्नु पर्नेछ ।

ख. यस (TOR) सहितको प्रस्तावमा उल्लेख भएका कुराहरूको हकमा सोहि बमोजिम र सो बाहेक अन्य कुराहरुको हकमा प्रचलित कानुन कार्यविधि तथा मापदण्ड बमोजिम हुनेछ ।

**१६. सेवा सञ्चालन कार्य प्रक्रिया र कार्य सर्तहरु**

१. सेवा सञ्चालन गर्न छनौट हुने सेवा प्रदायक फर्म/ संस्था वा कम्पनीले यस गाउँपालिकाबाट तोकिएको स्थानमा सेवा प्रदान गर्नुपर्नेछ ।

२. सेवामा सहभागी हुन ईच्छुक बिद्यालयले शिक्षा शाखाको समन्वयमा सहभागी छनौट गर्नुपर्नेछ ।

३. सुपरिवेक्षण गाउँपालिका, वडा लगायत् तालुक निकायबाट जुनसुकै बखत हुन सक्नेछ ।

४. कार्यक्रम सञ्चालनको अवधिमा गाउँपालिका तथा तालुक र मातहतका निकाय तथा पदाधिकारी बाट अनुगमन गरिने भएकाले सेवा सञ्चालन स्थान, अवधि र अन्य विवरण गाउँपालिकामा अग्रीम जानकारी गराउनु पर्नेछ ।

८. सेवा प्रदायकले कुनै शुल्क, दस्तुर आदि उठाउन वा दिन पाउने छैन ।

**१७. प्रचलित कानुन अनुसार हुने**

कार्यक्रम कार्यान्वयन कार्य सर्त TOR तथा प्रस्ताव पत्र, २०८१ मा उल्लेख भएका कुराहरुको हकमा सोहि बमोजिम र सो बाहेक अन्य कुराहरुको हकमा प्रचलित ऐन कानुन कार्यविधि तथा मापदण्ड बमोजिम हुनेछ ।

## अनुमानित क्षेत्रगत खर्च विवरण

समय : ४५ मिनेट(अनुमानित)

भाषा : अवधी (नेपाली सबटाइटल सहित)

स्थान : यशोधरा गाउपालिकालें निर्धारित गरेका विद्यालय

फार्मेट : mp4 विधि

मास्टर : पेन ड्राइभ

| क्र.सं. | विषय विशेष | विवरण | रकम |
|---|---|---|---|
| १. | अनुसन्धानकर्ता/निर्देशक भत्ता | ८ दिन X ३००० | २४,०००.०० |
| २. | सह अनुसन्धानकर्ता/निर्देशक भत्ता | ८ दिन X २००० | १६,०००.०० |
| ३. | यातायात खर्च | ४ दिन X ५००० X १ वटा | २०,०००.०० |
| ४. | स्टेशनरी, सञ्चार खर्च | - | २५,०००.०० |
| ५. | आवास, खाजा तथा भोजन खर्च | - | १,६०,०००.०० |
| ६. | क्यामरा मैन दैनिक भत्ता | ३ दिन X २ जना X ३००० | १८,०००.०० |
| ७. | सहायक क्यामरा मैन दैनिक भत्ता | ३ दिन X २ जना X २००० | १२,०००.०० |
| ८. | ध्वनि नियन्त्रक दैनिक भत्ता | ३ दिन X १ जना X ३००० | ९,०००.०० |
| ९. | क्यामरा | ३ दिन X २ वटा X ३००० | १८,०००.०० |
| १०. | पेन ड्राइभ | २ वटा X ८०० | १,६००.०० |
| ११. | हेड फोन, बुम माइक, पेन माइक | ३ दिन X २ वटा X ५०० | ३,०००.०० |
| १२. | ट्राइपोड, भिडियो मानिटर, वैट्री | ३ दिन X २ वटा X ५०० | ३,०००.०० |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १३. | इडिटर दैनिक भत्ता | ५दिन X ५००० | २५,०००.०० |
| १४. | स्क्रिप्ट लेखक दैनिक भत्ता | ५दिन X ५००० | २५,०००.०० |
| १५. | नैरेटर दैनिक भत्ता | १ जना X १५००० | १५,०००.०० |
| १६. | नैरेटर दैनिक भत्ता | १ जना X १५००० | १५,०००.०० |
| १७. | म्युजिसियन् भत्ता | ३ ट्याक X ५००० | १५,०००.०० |
| १८. | ग्राफिक डिजाइनर भत्ता | - | १०,०००.०० |
| १९. | उत्पादन व्यवस्थापक भत्ता | - | १०,०००.०० |
| २०. | सब टाइटलिंग खर्च | - | १०,०००.०० |
| २१. | स्टुडियो व्यवस्थापन खर्च | - | ४०,०००.०० |
| २२. | अन्य खर्च | - | २५,४००.०० |
| **जम्मा खर्च रकम** | | | **५,००,०००.००** |

यशोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

२०८२/०२/०९
प्रमुख प्रशासकीय अधिकृत